EBL/HO/SH/184 /081-82

मिति : २०८१/०५/३०

श्री नेपाल स्टक एक्सचेन्ज
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : शेयर दाखिल खारेज बन्द (Book Close) सम्बन्धमा**

महोदय,

यस बैंकको आर्थिक वर्ष २०८०/८१ को वार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि साधारण शेयरको शेयरधनी दर्ता किताब मिति २०८१ साल आश्विन ८ गते बन्द रहने व्यहोराको सूचना नागरिक दैनिकमा मिति २०८१/०५/२९ मा प्रकाशित भएको व्यहोरा अवगत गराउँदछौं ।

मिति २०७४/०५/३० को नेपाल स्टक एक्सचेन्ज लि. को परिपत्र बमोजिम देहाएका विवरणहरु निम्न अनुसार रहेको छ ।

नगद लाभांश प्रतिशत (कर प्रयोजन समेत) : ५.५३ % (पाँच दशमलव त्रिपन्न प्रतिशत)
रु. ६५,०७,६५,०८५.०० (रु. पैंसट्ठी करोड सात लाख पैंसट्ठी हजार पचासी मात्र)

बोनस शेयर प्रतिशत : १० % (दश प्रतिशत)
रु. १,१७,६७,९०,३८८ ( रु. एक अर्ब सत्र करोड सरसट्ठी लाख नब्बे हजार तीन सय अट्ठासी मात्र)

**शेयर दाखिल खारेज मिति (Book Close Date) : २०८१ साल आश्विन ८ गते**

हालको चुक्ता पुँजी : रु ११,७६,७९,०३,८८०.००

वार्षिक साधारण सभाको मिति : २०८१/०६/२०

भवदिय,

.................................
(सुरेश चापागाई)
कम्पनी सचिव

EVEREST BANK LTD. Head Office Kathmandu

बोधार्थ :

१) नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर

२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक काठमाण्डौं ।



CS CamScanner

# एभरेष्ट बैंक लिमिटेडको
# ३० औं बार्षिक साधारण-सभा सम्बन्धी
# सूचना

यस बैंकको मिति २०८१ साल भाद्र २८ गते बसेको संचालक समितिको ३७३ औं बैठकको निर्णय अनुसार ३० औं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मितिः २०८१ साल आश्विन २० गते आइतबार तदनुसार ६ अक्टोबर २०२४**

**स्थानः आम्रपाली ब्यांक्वेट, भाटभटेनी, काठमाण्डौं**

**समयः बिहान ११:०० बजे**

**बैंकको ३० औं बार्षिक साधारण-सभाको छलफलको बिषयसूची**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८१ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,

३. मिति २०८१/०५/२१ मा बसेको सञ्चालक समितिको ३७२ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्न सिफारिस गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

   (क) १०% का दरले बोनस शेयर जारी गर्ने - बिशेष प्रस्ताव

   (ख) ५.५३% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिसलाई छलफल गरी पारित गर्ने,

४. प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने,

   (क) बैंकले प्रस्तावित बोनस शेयर जारी भएपश्चात पुँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने।

   (ख) सञ्चालकलाई नेपाल भित्र, भारत र नेपाल तथा भारत बाहिर अन्य देशको भ्रमण गर्नु पर्दा दैनिक भत्ता विगत ९ वर्ष देखि पुनरावलोकन नभएकोले हालको मुद्रास्फीतिलाई मध्यनजर गरी हाल कायम रहेको दैनिक भत्ता परिवर्तन गर्नका लागि नियमावलीको नियम २८(१)(ग) सोही बमोजिम संशोधन गर्ने।

५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन गर्ने।

६. आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने।

७. विविध।

**संचालक समितिको आज्ञाले,**
**(कम्पनी सचिव)**

**शेयर दाखेल खारेज किताब बन्द रहने**

साधारण-सभा प्रयोजनको लागि मिति २०८१/०६/०८ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिने छ।

**नोट**

(१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DEMAT Account) नम्बर, DEMAT Statement र आफ्नो परिचय खुल्ने (जस्तैः नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।

(२) नगद लाभांश सम्बन्धित शेयरधनी महानुभावहरुको बैंक खातामा जम्मा गर्ने प्रयोजनका लागि आफ्नो बैंक खाता हितग्राही (DEMAT Account) नम्बरमा अद्यावधिक गरी दिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं।

(३) साधारण सभाको हाजिरी पुस्तिका १०:०० बजे देखि खुल्ला रहने छ र अपरान्ह १२:०० बजे बन्द गरिने छ।

Key audit matter | How our audit addressed the key audit matter